"कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि"

हिलिहाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर

कोशी प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

सेवा करारमा प्राविधिक तर्फ अधिकृतस्तर सातौं तहको पदमा खुला प्रतियोगितात्मक लिखित परीक्षा विज्ञापन

सूचना नं. १२/०८३-८४, प्रकाशन मिति २०८३/०८/०१ गते बुधबार(ने.सं. ११४७)

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका तपसिलको रिक्त पदमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको न्युनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित तोकिएको ढाँचामा दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

क्र.सं.	विज्ञापन नं.	विज्ञापनको किसिम	तह	पद, सेवा, समूह, उपसमूह	पद संख्या
१	५/२०८३-८४	खुला	७	इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल, जनरल	१(एक)

क) परीक्षा किसिमः- पाठ्यक्रममा तोकिए बमोजिमको लिखित र अन्तर्वार्ता।

ख) परीक्षा मितिः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनको बखत गरिनेछ।

ग) परीक्षा केन्द्रः- हिलिहाङ गाउँपालिकाको सभाहल, पञ्चमी, पाँचथर।

घ) दरखास्त दस्तुरः रु. १२००/-

ङ) दरखास्त दिने अन्तिम मितिः- २०८३/०८/१६ सम्म।

च) दरखास्त दस्तुर बुझाउने स्थान र विधिः- गाउँपालिकाको कार्यालयमा रहेको राजस्व शाखामा प्रत्यक्ष उपस्थित भई वा कुनै पनि बैंकमार्फत SuTRA बाट सृजित भौचरबाट गाउँपालिकाको **HILIHANG GA-1-1 ANTARIK RAJASWO** १२०५११८२२४००३५ र राजस्व शीर्षक १४२२४ मा रकम दाखिला गर्न सकिनेछ।

छ) दस्खास्तको माध्यमः गाउँपालिकाको प्रशासन शाखामा स्वयं उपस्थित भएर वा कार्यालयको ईमेल info@hilihangmun.gov.np मा सम्पूर्ण कागजातहरू scan गरी .pdf(format) मा पठाउन सकिनेछ।

ज) उम्मेदवारको उमेरको हदः २०८३/०८/१६ सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

झ) पदमा रही गर्नुपर्ने कामको विवरणः सेवा, समूह, उपसमूह सम्बन्धी।

ञ) तलबः प्रचलित कानून बमोजिम।

ट) आवश्यक न्यूनतम शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण र व्यवसाय अनुमति प्रमाणपत्र।

ठ) दरखास्त फाराम पाईने स्थानः- हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर वा कार्यालयको वेवसाईट www.hilihangmun.gov.np मा गई नागरिक सेवा->*दरखास्त फाराम* डाउनलोड गर्न सकिनेछ।

कमल पनेरु
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

ङ) दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरू:- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरू (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाईएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरू(भए)

ढ) जानकारीको लागि:- सम्पर्क नं. ९८१७९७४१८८, ९८५२६८४४७७

द्रष्टव्य

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरूको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योगयताको समक्षकता निर्धारण गराएको हुनुपर्दछ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: लोक सेवा आयोगले तोके बमोजिम हुनेछ। अन्य व्यवस्था हिलिहाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।

कमल पनेरु
प्रमुख प्रशासकीय अधिकृत